'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

**प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं**

**विद्युतीय माध्यम (Online) बाट कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने तथा मूल्याङ्कन गर्ने सम्बन्धी सूचना**

नेपाल विद्युत प्राधिकरणका स्थायी कर्मचारीहरूको आ.व. २०८२/०८३ को कार्यसम्पादन मूल्याङ्कन फाराम विद्युतीय माध्यम (Online) बाट भर्ने, मूल्याङ्कन गर्ने तथा अभिलेखीकरण गर्ने व्यवस्था लागु रहेको व्यहोरा सम्बन्धित सबैमा अवगत नै छ।

यस सम्बन्धमा नेपाल विद्युत प्राधिकरणको मानव संशाधन सूचना प्रणाली (HRIS) www.hris.nea.org.np मा **मिति २०८३।०४।०१ गते बिहानदेखि मिति २०८३।०४।०७ गते राति ११:५९ बजेसम्म** कर्मचारीहरूले कार्यसम्पादन मूल्याङ्कन फाराम भर्न सक्ने व्यवस्था गरिएको छ। अतः सम्पूर्ण कार्यालय, आयोजना, सहायक कम्पनी तथा अन्य निकायमा कार्यरत सबै स्थायी कर्मचारीहरूले HRIS मा आफ्नो User ID र Password प्रयोग गरी लगइन गरी निर्धारित अवधिभित्र **देहाय बमोजिम कार्य गर्न/गराउन अनुरोध गरिन्छः**

१. **सम्पूर्ण कर्मचारीहरूले** HRIS मा लगइन गरी आफू कार्यरत कार्यालय (Office) सही रहेको/नरहेको यकिन गर्नुहोस्। कार्यालय विवरण फरक देखिएमा कार्यसम्पादन मूल्याङ्कन फाराम भर्नुअघि नै **केन्द्रीय कर्मचारी प्रशासन शाखामा** सम्पर्क गरी विवरण अद्यावधिक गराउनुहुन अनुरोध छ।

२. **प्रत्येक कार्यालयका कार्यालय प्रमुख स्वयं वा प्रशासन प्रमुखले** HRIS को कार्यालय पोर्टल (hris.nea.org.np/office) मा लगइन गरी प्रत्येक कर्मचारीका **सुपरिवेक्षक** (Immediate Supervisor) तथा **पुनरावलोकनकर्ता** (Reviewer) **मिति २०८३।०४।०५ गतेभित्र** अनिवार्य रूपमा तोकिसक्नु पर्नेछ। समान तहका कर्मचारीहरुबाट कार्य सम्पादन मूल्याङ्कन हुनेछैन।

३. **पुनरावलोकन समिति** (Review Committee) गठन तथा तोक्ने कार्य **पदपूर्ति विभागबाट** गरिनेछ।

४. कर्मचारीले भरेका कार्यसम्पादन मूल्याङ्कन फाराम सम्बन्धित **सुपरिवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समितिले** विद्युतीय माध्यम (Online) बाट नै मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ।

५. कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने, सुपरिवेक्षक, पुनरावलोकनकर्ता तोक्ने वा मूल्याङ्कन गर्ने क्रममा कुनै प्राविधिक समस्या वा अन्योल उत्पन्न भएमा **मोबाइल नं. ९८४९४४३८५४** मा सम्पर्क गर्न वा WhatsApp/Viber मार्फत Text Message पठाई आवश्यक प्राविधिक सहयोग प्राप्त गर्न सकिनेछ।

६. कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने तथा मूल्याङ्कन गर्ने सम्बन्धी **प्रयोगकर्ता पुस्तिका** (User Manual) HRIS मा लगइन गरेपछि **कार्यसम्पादन मूल्याङ्कन** मेनुमा उपलब्ध हुनेछ। उक्त पुस्तिका अध्ययन गरी निर्धारित समयभित्र कार्य सम्पन्न गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

मितिः २०८३/३/३०

०८३।०३।३०

(शिव प्रसाद आचार्य)
निर्देशक
पदपूर्ति विभाग

**सम्पर्क फोन : ०१४१५३००७, ०१४१५३०१२, ०१४१५३१९३, ०१४१५३०८२, फ्याक्स : ०१४१५३००९**
Email: neamd@nea.org.np, Web: www.nea.org.np